नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- ३७२

मिति :- वि.सं. २०८२/११/१८

ने.स. :- ११४६ चिल्लाथ्व, १३ सोमवार

**विषय: निर्वाचन सम्बन्धी विज्ञापनको प्रचार प्रसार सम्बन्धी सूचना**

मिति २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ अन्तर्गत मिति २०८२ साल फागुन १८ गते राती १२:०० बजेबाट प्रचार प्रसार गर्न नपाउने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४ दफा १७ मा रहेको व्यहोरा सवैलाई अवगत नै छ।

मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ संगठन वा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन. कार्यशाला गोष्ठी आदि गर्न नपाइने, मतदान हुने दिनको अठचालीस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनु पर्ने, कुनै पनि विधि, प्रकृया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने भएकोले त्यस्ता सामग्री प्रकाशन तथा प्रसारण नगर्न नगराउन साथै अनलाईन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा राखिएका मतदाता शिक्षा सम्बन्धी निर्वाचन आयोग नेपाल र विज्ञापन बोर्डले प्रदान गरेका विज्ञापन बाहेकका अन्य विज्ञापनहरू मिति २०८२ साल फागुन १८ गते राती १२ बजेबाट हटाउनु हुन साथै पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम, तथा सामाजिक सञ्जालमा दल तथा उम्मेदवारको विज्ञापन प्रकाशन तथा प्रसारण नगर्नु नगराउनु हुन निर्वाचन आचारसंहिता, २०८२, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार अनुरोध गरिन्छ।

उपरोक्तानुसार भएको नपाईएमा कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))

प्रमुख प्रशासकीय अधिकृत